कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

# कोशी प्रदेश पर्यटन वर्ष

# कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०८२

प्रदेश सरकार (मा.मन्त्रिस्तरीय निर्णय)बाट स्वीकृत मितिः २०८२/ /

मा. सदानन्द मण्डल
मन्त्री

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

विराटनगर, नेपाल

## कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन सम्बन्धी परिचय

कोशी प्रदेश सरकारको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममा व्यवस्था भए बमोजिम कोशी प्रदेशको पर्यटन क्षेत्रलाई दिगो रुपमा प्रवर्द्धन गरी पर्यटनको अवसर र सम्भावनाको उपयोग गर्दै प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाउन निजी क्षेत्र समेतको सहकार्यमा सञ्चालन गर्ने गरी प्रदेश गौरबको महत्वपूर्ण कार्यक्रमको रुपमा कोशी प्रदेश सरकारबाट मिति २०८१/०६/११ मा घोषणा भएको कोशी प्रदेश पर्यटन वर्ष, २०८२ कार्यक्रम निरन्तर संचालन गर्न मिति २०८२/०५/२३ गते माननीय मन्त्रीस्तरिय निर्णयानुसार कोशी प्रदेश विनियोजन ऐन,२०८२ को दफा ११ को उपदफा(२) को अधिकार प्रयोग गरी आ. व. २०८२/८३ का लागि यस मन्त्रालयको स्वीकृत *कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०८२* को बुदाँ नं. १५४ मा निर्देशक समितिबाट कार्यक्रम तथा बजेट रकम बाँटफाड भईं स्वीकृत भएपछि मार्गदर्शन तयार गरि स्वीकृत गर्ने भन्ने व्यवस्था रहेकोले मिति २०८२/०८/२६ को निर्देशक समितिको निर्णयानुसार बाँडफाट भइ स्वीकृत कृयाकलापहरु संचालनका लागि यो मार्गदर्शन तयार गरि स्वीकृत गरिएको छ।

## कार्यक्रमसञ्चालन तथा कार्यान्वयन मार्गदर्शनको आधारभूत सिद्धान्त

यो मार्गदर्शन निर्माणका क्रममा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९, सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका २०७९, भ्रमण खर्च नियमावली, २०६४, पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वय कार्यविधि, २०८२, कोशी प्रदेश विनियोजन ऐन, २०८२ तथा आ.व. २०८२/०८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनलाई आधारभूत सिद्धान्तको रुपमा लिइएको छ । उल्लिखित सिद्धान्तको परिधिभित्र रही प्रचलित कानूनका आधारमा तय गरिएका क्रियाकलाप सञ्चालन गर्नु सम्बन्धित निकायको जिम्मेवारी हुनेछ ।

मा. सदानन्द मण्डल
मन्त्री

विषयसूची


कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन सम्बन्धी परिचय............

कार्यक्रमसञ्चालन तथा कार्यान्वयन मार्गदर्शनको आधारभूत सिद्धान्त............

खण्ड १कोशी प्रदेश पर्यटन वर्ष कार्यक्रम - ............

१. अन्तर प्रदेश पर्यटन प्रवर्द्धन कार्यक्रम............ १

२. Media Influencer मार्फत पर्यटन वर्षको प्रचारप्रसार- ............ १

३. पत्रपत्रिकामा लेख रचना मार्फत पर्यटन प्रवर्द्धन- ............ २

४. कोशीमा वंगाल, कोशीमा विहार पर्यटन प्रवर्द्धन कार्यक्रम............ २

५. कोशी टुरिजम कन्क्लेभ............ ३

६. कोशी पर्यटन प्रवर्द्धनको लागि कोशी प्रदेशका सेलीब्रेटी सँगको सहकार्य............ ४

७. विभिन्न स्थानहरुमा कोशी प्रदेश पर्यटन वर्षको होर्डिङ बोर्ड राखे............ ४

८. कोशीको पर्यटकीय गन्तब्यहरुको अन्तर प्रदेश र सीमावर्ती भारतीय शहरमा रोड शो कार्यक्रम............ ५

९. कोशी पर्यटन प्रवर्द्धनका लागि कार्यक्रम "घुमौं पूर्व"............ ५

१०. पर्यटन प्रवर्द्धनको लागि मिडिया परिचालन............ ६

११. ओलाङचुङगोला सिङजेमा ताल टिसला भन्ज्याङमा संस्थागत समन्वयमा पर्यटन प्रवर्द्धन कार्यक्रम............ ७

१२. कोशी टप्पुमा कोशी महोत्सव............ ७

१३. अन्य प्रवर्द्धनात्मक कार्यक्रम............ ७

१४. विभिन्न स्थानीयअन्तराष्ट्रिय/राष्ट्रिय/, इभेन्टमेला/, पर्यटन मार्ट र महोत्सवहरुमा सहभागिता तथा प्रायोजनसहकार्य/सहयोग/............ ८

१५. नेपाल ट्राभल मार्ट कोशी आयोजना............ ९

१६. निजी क्षेत्रसंगको सहकार्यमा लगानी कर्ताहरुलाई कोशीको पर्यटकीय गन्तव्यहरुको अवलोकन भ्रमण..... १०

१७. अन्य भ्रमण कार्यक्रम............ १०

१८. प्रचार सामाग्री तयारी र वितरण पोस्टर), ब्यानर, ब्रोसर, डायरी, टिसर्ट, स्टीकर आदि(............ १०

१९. कोशी प्रदेशका सामुदायिक होमस्टे संचालकहरूलाई प्रवर्द्धनात्मक सामग्री वितरण............ ११

२०. विभिन्न पदमार्गका पर्यटन कार्य सहयोगी हरूलाई लोगो अंकित ज्याकेट वितरण(भरिया)............ १२

२१. मेची, कोशी र सगरमाथा करिडोरको पर्यटकिय गन्तव्यहरु समेटिएको डकुमेन्ट्रीहरु निर्माण............ १२

२२. कन्यामका घोडचडी संचालकहरुलाई सुरक्षा सामाग्री वितरण हेलमेट), ज्याकेट(............ १३

२३. पर्यटन सम्बद्ध विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था/ तथा व्यक्तिसँग बैठकअन्तरक्रिया/............ १३

२४. सगरमाथा आधार शिविर क्षेत्रमा उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम............ १४

२५. साहसिक पर्यटन प्रवर्द्धन )Adventure Tourism Promotion) मा सहकार्य सम्बन्धी कार्यक्रमहरू............ १४

२६. पदमार्गट्रिल मा साइनेज विकास/, प्रवर्द्धन र प्रचार प्रसार............ १५

२७. होमस्टे संचालित पर्यटकीय गन्तव्य स्थल क्षेत्रका होम स्टे तथा अन्य पर्यटन व्यवसायिहरुको लागि पर्यटन / अभिमुखीकरण/सम्बन्धी तालिम ........ १५

२८. कोशी प्रदेशमा संचालनमा रहेका होटलहोम स्टे अन्य पर्यटन व्यवसायको विवरण संकलन/रेष्टुरेन्टर /..१६

२९. होम स्टे महासंघ कोशी प्रदेशको सहकार्यमा अन्तरप्रदेश भगिनी सम्बन्ध स्थापना ........ १६

३०. पर्यटन वर्षको प्रतिवेदन र बुकलेट प्रकाशन ........ १७

३१. कोशी प्रदेशको पर्यटन प्रवर्द्धनका जिल्लागत विविध कार्यक्रम संचालन........ १७

३२. अन्य समन्वयात्मक कार्यक्रम........ १८

३३. झापा, मोरङ, सुनसरी हात्ती प्रभावित क्षेत्र "मानव"हात्ती सहअस्तित्व- आधारित वन्यजन्तु पर्यटन प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण कार्यक्रम........ १९

३४. धार्मिकसहकार्य/सहयोग/साँस्कृतिक पर्यटन प्रवर्द्धन कार्यक्रममा प्रायोजन/ ........ १९

३५. Vocational training & Certification (Cook,waiter,front desk,Digital marketing )........ २०

३६. पर्यटन प्रवर्द्धनमा युवा स्वयमसेवक परिचालन ........ २०

खण्ड २विविध -........

कोशी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

मा. सदानन्द मण्डल
मन्त्री

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## खण्ड १- कोशी प्रदेश पर्यटन वर्ष कार्यक्रम

### १. अन्तर प्रदेश पर्यटन प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशका प्रमुख प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा साहसिक पर्यटकीय गन्तव्यहरूको अन्तर प्रदेश स्तरमा प्रचार-प्रसार गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु तथा पर्यटक आवागमन वृद्धि गर्नेरहेको छ ।

कार्यान्वयन विधि

- कार्यक्रम सञ्चालनका लागि लागत अनुमान तथा कार्यसूची अनुसार कार्य अघि बढाइनेछ।
- सम्बन्धित प्रदेशका पर्यटन निकाय, स्थानीय तह तथा पर्यटन संघ-संस्थासँग सहकार्य गरी सञ्चालन गरिनेछ।
- कार्यक्रम स्थल, मिति र स्वरूप (अन्तरक्रिया, प्रदर्शनी आदि) आवश्यकता अनुसार निर्धारण गरिनेछ।
- प्रचार-प्रसार सामग्रीमा कोशी प्रदेश पर्यटन वर्ष २०८२ को लोगो, नारा समावेश गरिनेछ।
- कार्यक्रम स्थल व्यवस्थापन,यातायात खर्च, सहभागी खाना तथा खाजा,स्टेशनरी, ब्यानर, प्रतिवेदन तयारी, दैनिक भ्रमण भत्ता, इन्धन खर्च लगायत शीर्षकमा खर्च गर्न सकिनेछ।

बजेट तथा खर्च व्यवस्थापन

- विनियोजित बजेटः रु. ८,००,०००/- (आठ लाख मात्र)

अपेक्षित उपलब्धि

- कोशी प्रदेशका पर्यटकीय गन्तव्यहरूको अन्य प्रदेशमा प्रभावकारी प्रचार-प्रसार हुने।
- आन्तरिक पर्यटक आवागमनमा वृद्धि हुने।
- अन्तरप्रदेश पर्यटन सहकार्यमा सुदृढ हुने।

### २. Media Influencer मार्फत पर्यटन वर्षको प्रचार-प्रसार

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेश पर्यटन वर्ष २०८२ तथा प्रदेशका प्रमुख प्राकृतिक, सांस्कृतिक, धार्मिक र साहसिक पर्यटकीय गन्तव्यहरूको डिजिटल माध्यममार्फत प्रभावकारी प्रचार-प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षण बढाउनु रहेको छ।

कार्यान्वयन विधि

- सचिवालयले आवश्यक लागत अनुमान तथा कार्यसूची तयार गरी सेवा प्रदायक संस्था छनोट गर्नेछ।
- छनोट भएका सेवा प्रदायक संस्था मार्फत मिडिया इन्फ्लुयन्सर प्रयोग गरि कोशी प्रदेश पर्यटन वर्ष २०८२ र प्रमुख पर्यटकीय गन्तव्यहरूको डिजिटल सामग्री उत्पादन गराइनेछ।
- सामग्रीमा कोशी प्रदेश पर्यटन वर्ष २०८२ को लोगो, नारा समावेश गर्नुपर्नेछ।
- कार्यक्रम सम्पन्न भएपछि सम्बन्धित पक्षले प्रचार-प्रसार भएका सामग्रीको डिजिटल प्रतिलिपि (पेन ड्राइभ), कार्यसम्पन्न प्रतिवेदन तथा सम्बन्धित अन्य कागजात पेश गर्नुपर्नेछ।

बजेट तथा खर्च व्यवस्थापन

- विनियोजित बजेटः रु. ५,००,०००/- (पाँच लाख मात्र)

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

मा. सदानन्द मण्डल
मन्त्री

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

अपेक्षित उपलब्धि

- मिडिया इन्फ्लुएन्सर तथा सामाजिक सञ्जालमार्फत कोशी प्रदेश पर्यटन वर्ष २०८२ को व्यापक प्रचार-प्रसार हुने।
- पर्यटक आकर्षण तथा पर्यटन गतिविधिमा वृद्धि हुने।

३. पत्र-पत्रिकामा लेख रचना मार्फत पर्यटन प्रवर्द्धन

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेश पर्यटन वर्ष २०८२ तथा प्रदेशका प्रमुख प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा साहसिक पर्यटकीय गन्तव्यहरूको राष्ट्रिय स्तरमा प्रभावकारी प्रचार-प्रसार गर्नुहो ।

कार्यान्वयन विधि

- स्वीकृत कार्यसूची र लागत अनुमान अनुसार प्रक्रिया अघि बढाइनेछ।
- कोशी प्रदेश पर्यटन वर्ष २०८२ को प्रचार हुने गरी विभिन्न राष्ट्रिय दैनिक तथा सासाहिक पत्र-पत्रिकामा लेख रचनाहरू प्रकाशन गरिनेछ।
- लेख रचनाको विषयवस्तु पर्यटन वर्ष, प्रमुख गन्तव्य, पहुँच मार्ग, सेवा सुविधा तथा पर्यटकीय अनुभवमा केन्द्रित हुनेछ।
- आवश्यकताअनुसार सञ्चारकर्मी, लेखक वा विज्ञबाट लेख रचना तयार गराइनेछ।
- प्रकाशित सामग्रीको कटिङ, डिजिटल प्रतिलिपि तथा विवरण अभिलेखमा राखिनेछ।

बजेट तथा खर्च व्यवस्थापन

- विनियोजित बजेटः रु. ५,००,०००/- (पाँच लाख मात्र)

अपेक्षित उपलब्धि

- कोशी प्रदेश पर्यटन वर्ष २०८२ को राष्ट्रिय स्तरमा प्रचार-प्रसार हुने।
- कोशी प्रदेशका पर्यटकीय गन्तव्यप्रति पाठक वर्गको आकर्षण बढ्ने।
- आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने।

४. कोशीमा वंगाल, कोशीमा विहार पर्यटन प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशको प्रचार-प्रसार गर्ने रहेको छ।

कार्यान्वयन विधि

- कार्यक्रम पर्यटनसँग सम्बन्धित संघ संस्था, व्यावसायीहरुसँगको सहकार्य र समन्वनयमा संचालन गरिनेछ।
- कार्यक्रममा कोशी प्रदेशसँग सिमाना जोडिएका भारतको पश्चिम बङ्गाल र विहारका ट्राभल्स एजेन्सी, टुर अपरेटर, पर्यटन पत्रकार, पर्यटन अभियान्ताहरुलाई कोशी प्रदेशमा आमन्त्रण गरी छलफल गर्ने ।
- भारत बङ्गाल र विहारका पर्यटन संवद्द संस्था विच समन्वयगर्ने ।

कोशी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल
मा. सदानन्द मण्डल
मन्त्री
डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

- कार्यक्रममा क्रस बोर्डर टुरिजम फेस्टिवल, बङ्गाल-कोशी पर्यटन उत्सव, बिहार-कोशी पर्यटन उत्सव वाइक र्‍याली समेत सञ्चालन गर्न सकिने छ ।
- यस कार्यक्रमबाट सहभागीका लागि आवास,खाना, खाजा, हल भाडा, ब्यानर, स्टेशनरी,फ्लेक्स, भ्रमण खर्च, यातायात खर्चलगायतका कार्यमाखर्चगर्न सकिनेछ।

बजेट तथा खर्च व्यवस्थापन

- विनियोजित बजेटः रु. २०,००,०००/- (विस लाख मात्र)

अपेक्षित उपलब्धि

- पश्चिम बंगाल र विहारबाट कोशी प्रदेशतर्फ पर्यटक आगमनमा वृद्धि हुने।
- सीमावर्ती तथा क्षेत्रीय पर्यटन सहकार्य सुदृढ हुने।
- कोशी प्रदेशको अन्तर्राष्ट्रिय (क्षेत्रीय) पर्यटन बजार विस्तार हुने।

## ५. कोशी टुरिजम कन्क्लेभ

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सरकारी, निजी क्षेत्र, लगानीकर्ता, पर्यटन व्यवसायी तथा सरोकारवालाबीच नीति संवादर साझेदारी विस्तार गर्नु रहेको छ ।

कार्यान्वयन विधि

- कन्क्लेभ स्वीकृत लागत अनुमान र कार्यसूची अनुसार सञ्चालन गरिनेछ।
- कार्यक्रम आयोजना स्थल, मिति र संरचना आवश्यकता अनुसार निर्धारण गरिनेछ।
- निजी क्षेत्र, संघ– संस्था र लगानी बोर्डसँग सहकार्य गरिनेछ।
- सहभागीहरु आमन्त्रण, आतेजाते व्यवस्थापन, खाना खाजा, हल, स्टेशनरी सामाग्री, प्रशिक्षक खर्च व्यवस्थापन गरिनेछ ।
- कन्क्लेभका सबै सामग्रीमा "कोशी प्रदेश पर्यटन वर्ष २०८२"कोब्रान्डिङअनिवार्यहुनेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. १०,००,०००/- (दश लाख मात्र)

अपेक्षित उपलब्धि

- कोशी प्रदेशको पर्यटन पहिचान, प्रचार प्रसार र ब्रान्ड सुदृढ हुने।
- निजी क्षेत्रको सक्रिय सहभागिता बढ्ने।
- पर्यटन वर्ष २०८२ को राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचार प्रभावकारी हुने।

### ६. कोशी पर्यटन प्रवर्द्धनको लागि कोशी प्रदेशका सेलीब्रेटी सँगको सहकार्य

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित सेलीब्रेटीहरूको प्रभाव र पहुँच प्रयोग गरी कोशी प्रदेशका पर्यटकीय गन्तव्यहरूको प्रभावकारी प्रचार-प्रसार गर्नु तथा पर्यटन वर्ष २०८२ लाई व्यापक रूपमा स्थापित गर्नु रहेको छ ।

कार्यान्वयन विधि

- कार्यक्रम सञ्चालनका लागत अनुमान र कार्यसूची अनुसार प्रक्रिया अघि बढाइनेछ।
- सेलीब्रेटीसँग सहकार्यका लागि आवश्यक सम्झौता गरिनेछ।
- सेलीब्रेटीहरुसँग पर्यटन प्रवर्द्धन तथा प्रचार-प्रसारका विषयमा अन्तरक्रिया, छलफल गरिनेछ ।
- सामाजिक सञ्जाल (Facebook, Instagram, YouTube, X आदि) मार्फत पर्यटन वर्षको प्रचार गरिनेछ ।
- पर्यटन प्रवर्द्धन कार्यक्रम, महोत्सव आदिमा सेलीब्रेटीको सहभागिता गराइनेछ ।
- सेलीब्रेटीद्वारा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा सहयोग ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. ६,००,०००/- (छ लाख मात्र)

अपेक्षित उपलब्धि

- कोशी प्रदेशका पर्यटकीय गन्तव्यहरूको व्यापक प्रचार-प्रसार हुने।

### ७. विभिन्न स्थानहरुमा कोशी प्रदेश पर्यटंन वर्षको होर्डिङ बोर्ड राख्ने

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशका प्रमुख तथा सम्भावित पर्यटकीय स्थलहरूमा प्रचार-प्रसारका लागि होर्डिङ बोर्डहरु स्थापना गर्ने रहेको छ ।

कार्यान्वयन विधि

- कार्यक्रम स्वीकृत लागत अनुमान अनुसार सञ्चालन गरिनेछ।
- होर्डिङ बोर्ड खरिद तथा निर्माण कार्य प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली अनुसार गरिनेछ।
- सामग्री, साइज, स्थान र डिजाइन मन्त्रालय/कार्यालयबाट स्वीकृत भएपछि मात्र स्थापना गरिनेछ।
- स्थानीय तहसँग आवश्यक समन्वय, सहमति तथा अनुमति लिएर होर्डिङ बोर्ड राखिनेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. १०,००,०००/- (दश लाख मात्र)

अपेक्षित उपलब्धि

- प्रदेशको पर्यटन सम्बन्धी प्रचार-प्रसार हुने ।
- आन्तरिक तथा बाह्य पर्यटक आकर्षणमा वृद्धि हुने।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल
मा. सदानन्द मण्डल
मन्त्री

८. कोशीको पर्यटकीय गन्तब्यहरुको अन्तर प्रदेश र सीमावर्ती भारतीय शहरमा रोड शो कार्यक्रम

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशका प्रमुख तथा सम्भावनायुक्त पर्यटकीय गन्तव्यहरूको प्रचार-प्रसार अन्तर-प्रदेश तथा सीमावर्ती भारतीय शहरमा गरी आन्तरिक तथा बाह्य पर्यटक आगमन वृद्धि गर्नु र पर्यटन वर्ष २०८२ लाई प्रभावकारी रूपमा प्रवर्द्धन गर्ने रहेको छ ।

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कार्यान्वयन विधि

- कार्यक्रम लागत अनुमान तथा कार्यसूची स्वीकृत गरी सञ्चालन गरिनेछ।
- अन्तर-प्रदेश तथा भारतीय शहरमा रोड शो सञ्चालनका लागि सम्बन्धित निकाय, स्थानीय तहतथा निजी क्षेत्रसँग आवश्यक समन्वय गरिनेछ।
- यस कृयाकलापबाट मञ्च निर्माण, डिजिटल डिस्प्ले, स्टल निर्माण, ब्यानर फ्लेक्स, प्रचार प्रसार बोर्ड, सहभागीहरुलाई आतेजाते, भ्रमण खर्च, यातायात व्यवस्थापनमा खर्च गर्न सकिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. १०,००,०००/- (दश लाख मात्र)

अपेक्षित उपलब्धि

- अन्तर-प्रदेश तथा भारतीय बजारमा कोशी प्रदेशको पर्यटन पहिचान सुदृढ हुने।
- आन्तरिक तथा भारतीय पर्यटक आगमनमा वृद्धि हुने।
- पर्यटन व्यवसायीबीच सहकार्य र नेटवर्क विस्तार हुने।

९. कोशी पर्यटन प्रवर्द्धनका लागि "घुमौं पूर्व" कार्यक्रम

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशका प्रमुख धार्मिक, प्राकृतिक तथा साहसिक पर्यटन गन्तव्यहरूको प्रचार– प्रसार गर्नु, आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटकहरूलाई *घुमौं पूर्व*कार्यक्रमको माध्यमबाट कोशी प्रदेश भ्रमणका लागि आकर्षित गर्नु रहेको छ।

कार्यान्वयन विधि

- पर्यटन व्यवसायी तथा सरोकारवालाबीच नेटवर्किङ विस्तार गर्ने,
- विभिन्न प्रदेशका पर्यटन व्यवसायी, ट्राभल तथा टुर अपरेटर, होटल व्यवसायी, सञ्चारकर्मी, पर्यटन क्षेत्रमा अध्ययनरत विद्यार्थी तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको सहकार्यमा घुमौं पूर्व टुर प्याकेज तयार गर्ने ।
- लागत अनुमान स्वीकृत गर्ने,
- पत्राचार एवम् समन्वय गर्ने,
- खाना खाजा तथा बासको व्यवस्था गर्ने,
- विभिन्न सामाजिक सञ्जाल तथा डिजिटल माध्यमबाट प्रचार प्रसार गर्ने,

कोशी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय विराटनगर, नेपाल

मा. सदानन्द मण्डल मन्त्री

डा. ईन्द्र प्रसाद सापकोटा प्रदेश सचिव

- पत्रपत्रिकामा पर्यटकीय क्षेत्रका सम्वन्धमा लेख प्रकाशन गर्ने,
- पर्यटन प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम गर्ने,
- पर्यटन सम्बन्धी प्रचार सामग्री (फ्लायर,ब्रोसर,पोस्टर आदि) वितरणगर्ने,
- कोशी प्रदेशका प्रमुख पर्यटन गन्तव्यहरूको प्रस्तुतीकरण (Presentation) गर्ने
- यस कार्यक्रमबाट सहभागीका लागि खाना, खाजा, हल भाडा, ब्यानर, स्टेशनरी, भ्रमण खर्च, यातायत खर्च व्यवस्थापन गर्न सकिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. १०,००,०००/- (दश लाख मात्र)

अपेक्षित उपलब्धि

- पर्यटन व्यवसायी तथा सरोकारवालाबीच सहकार्य तथा नेटवर्क विस्तार हुने,
- कोशी प्रदेशका पर्यटकीय गन्तव्यहरूको राष्ट्रिय स्तरमा प्रचार– प्रसार हुने,

१०. पर्यटन प्रवर्द्धनको लागि मिडिया परिचालन

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशभित्र रहेका ऐतिहासिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक तथा साहसिक पर्यटकीय गन्तव्यहरूलाईश्रव्यदृश्य सामाग्रीको माध्यममार्फत प्रभावकारी प्रचारगर्नका लागि छोटो भिडियो निर्माण रहेको छ ।

कार्यान्वयन विधि

- लागत अनुमान र कार्यसूचि स्वीकृत गरी कार्यक्रम संचालन गर्ने ।
- कोशी प्रदेशमा रहेका ऐतिहासिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक तथा साहसिक पर्यटकीय गन्तव्यहरूलाईश्रव्यदृश्य तयारीका लागि सचिवालयमा पेश भएका प्रस्तावहरु अध्ययन मूल्याङ्कन गरी लघु श्रव्यदृश्य सामाग्री तयार गरी पर्यटन प्रवर्द्धन गर्ने ।
- यस अन्तर्गत कोशी प्रदेश पर्यटन वर्षका लागि आमन्त्रण, पर्यटन प्रवर्द्धन सम्वन्धी रेडियो कार्यक्रम निर्माण तथा प्रशारण, लोककल्याणकारी सूचना, पर्यटन विशेषांक, पर्यटन सँग सम्बन्धित लेख रचना, भिडियो सामाग्री निर्माण, सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार लगायतका क्रियाकलाप समेटिने ।
- कार्यक्रम सम्पादन भएपछि सम्बन्धित संघसंस्थाले पेनड्राइभमा तयारी भिडियो सम्झौता अनुसार बुझाउनु पर्नेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. ७,००,०००/- (सात लाख मात्र)

अपेक्षित उपलब्धी

- पर्यटकीय गन्तव्यको श्रव्यदृश्यप्रचार सामाग्री तयार हुने।
- डिजिटल प्लेटफर्ममा सामाग्री वितरणमार्फत दर्शकमा आकर्षण बढ्ने।
- पर्यटन व्यवसायी र पर्यटकका लागि उपयोगी सूचना स्रोत बन्ने।

मा. सदानन्द मण्डल
मन्त्री

**११. ओलाङचुङगोला सिङजेमा ताल टिसला भन्ज्याङमा संस्थागत समन्वयमा पर्यटन प्रवर्द्धन कार्यक्रम**

यस कार्यक्रमको मुख्य उद्देश्य ताप्लेजुङ जिल्लाको ओलाङचुङगोलामा पर्ने सिङजेमा ताल टिसला भन्ज्याङमा संस्थागत समन्वयमा पर्यटन प्रवर्द्धन गर्ने रहेको छ ।

कार्यान्वयन विधि

- स्थानीय तह, पर्यटन व्यवसायी तथा सम्बन्धित संस्थासंग समन्वय गर्ने,
- संस्थागत प्रस्तावका आधारमा लागत अनुमान स्वीकृत गरी सम्झौताका आधारमा कार्यक्रम संचालन गरिनेछ ।
- कार्यक्रम सम्पन्न भएपश्चात सक्कल विलभर्पाइहरु, प्रगति प्रतिवदेन, स्थानिय तहको सिफारिस बमोजिम भुक्तानी गरिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. ७,००,०००/- (सात लाख मात्र)

अपेक्षित उपलब्धी

- सिङजेमा ताल टिसला भन्ज्याङमा पर्यटन प्रवर्द्धन हुने।

**१२. कोशी टप्पुमा कोशी महोत्सव**

यस कार्यक्रमको उद्देश्यपर्यटन महोत्सव सञ्चालन गरी पर्यटकीय गतिविधि बढाउनेरहेको छ।

कार्यान्वयन विधि

- कोशी टप्पुक्षेत्रमा रहेका विभिन्न संघ संस्था तथा समितिहरुसँगको समन्वयमा यो कार्यक्रम कार्यान्वयन गरिनेछ।
- यस कार्यक्रममा कोशी टप्पु क्षेत्रमा चराचुरुङ्गी, अर्ना अवलोकन, हात्ती सफारी र बोटिङ, स्थानीय सांस्कृतिक महोत्सव लगायतका विविध कार्यक्रमहरु संचालन गरिनेछ।
- यस कार्यक्रमबाट प्रचार प्रसार सामाग्रीहरु, स्टेशनरी, खाना/खाजा, आवास, भ्रमण खर्च, यातायात खर्च, मञ्च व्यवस्थापन,गाइड पारिश्रमिक (चरा,हाती, अर्ना लगायतका गाइड),सांस्कृतिक कार्यक्रम खर्च लगायत कार्यक्रम सँग सम्बन्धित सम्पूर्ण खर्च गर्न सकिनेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. १०,००,०००/- (दश लाख मात्र)

अपेक्षित उपलब्धी

- कोशी टप्पुमा कोशी महोत्सव संचालन भईपर्यटन प्रवर्द्धन भएको हुने।

**१३. अन्य प्रवर्द्धनात्मक कार्यक्रम**

यस कार्यक्रमको उद्देश्य कोशी प्रदेश पर्यटन वर्ष २०८२ को प्रचार प्रसारका लागि प्रवर्धनात्मक गतिविधि संचालन गर्ने रहेको छ ।

कोशी प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय विराटनगर, नेपाल

मा. सदानन्द मण्डल
मन्त्री

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कार्यान्वयन विधि

- यो कार्यक्रम संचालन गर्नका लागि आवश्यकता र मागका आधारमा प्रवर्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।
- प्रवर्धनात्मक कार्यक्रम संचालन सम्बन्धी पेश भएका प्रस्तावहरुको अध्ययन पश्चात लागत अनुमान स्वीकृत गरी सम्झौताका आधारमा कार्यक्रम संचालन गरिनेछ ।
- यस कार्यक्रमबाट सहभागीका लागि खाना, खाजा, हल भाडा, ब्यानर, स्टेशनरी, भ्रमण खर्च, यातायत खर्च, प्रशिक्षक खर्च व्यवस्थापन गर्न सकिनेछ ।
- कार्यक्रम समापन भए पश्चात सम्बन्धित पक्षले सक्कल बिल भर्पाइ, प्रतिवेदन, फोटो भिडयो सहित कागजात पेश भएपश्चात भुक्तानी गरिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. ६,००;०००/- (छ लाख मात्र)

अपेक्षित उपलब्धी

- कोशी प्रदेश पर्यटन वर्ष २०८२ को प्रचार प्रसारका लागि प्रवर्धनात्मक गतिविधि संचालन हुने।

## १४. विभिन्न स्थानीय/राष्ट्रिय/अन्तराष्ट्रिय, इभेन्ट/मेला, पर्यटन मार्ट र महोत्सवहरुमा सहभागिता तथा प्रायोजन/सहयोग/सहकार्य

यस कार्यक्रमको उद्देश्यस्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आयोजना हुने पर्यटनसम्बन्धी इभेन्ट, मेला, पर्यटन मार्ट तथा महोत्सवहरूमा पर्यटकीय तत्व समावेश गरेर स्थानीय संस्कृति, परम्परा, उत्पादन र गन्तव्यको प्रवर्द्धन गर्न कोशी प्रदेश सरकारको सहभागिता सुनिश्चित गर्नेरहेको छ ।

कार्यान्वयन विधि

- मेला/महोत्सव आयोजना गर्न चाहने स्थानीय तह, संस्था वा समितिले प्रस्ताव पेश गर्ने।
- निर्देशक समितिले आवश्यक निर्णय गरेपश्चात प्रशतावको अध्ययन गरी लागत अनुमान स्वीकृत गरिसम्झौता बमोजिम सहभागिता, सहयोग, प्रायोजन वा सहकार्य गर्ने,
- कोशी प्रदेशभित्र आयोजना हुने स्थानीय तथा प्रदेशस्तरीय पर्यटन मेला, एक्स्पो, कन्सर्ट, महोत्सवहरु गर्ने,
- नेपालमा आयोजना हुने राष्ट्रिय र विदेशमा आयोजना हुने अन्तर्राष्ट्रिय पर्यटन इभेन्ट/मार्टसंचालन गर्ने,
- गन्तव्य प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम संचालन गर्ने,
- यस कार्यक्रमबाट सहभागीका लागि स्टल निर्माण, हल भाडा, ब्यानर, स्टेशनरी, साउण्ड सिस्टम, डकुमेन्ट्री निर्माण लगायत व्यवस्थापन गर्न सकिनेछ ।
- कार्यक्रम समापन भए पश्चात सम्बन्धित पक्षले सक्कल बिल भर्पाइ, प्रतिवेदन, फोटो भिडयो सहित कागजात पेश भएपश्चात भुक्तानी गरिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. ५०,००,०००/- (पचास लाख मात्र)

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

मा. सदानन्द मण्डल
मन्त्री

डा. इन्द्र प्रसाद थापकोटा
प्रदेश सचिव

अपेक्षित उपलब्धि

- स्थानीय मेलामहोत्सवमा पर्यटन वर्षको प्रचार प्रसार हुने ।
- कोशी प्रदेशका गन्तव्य, संस्कृति र उत्पादनको प्रचार-प्रसार हुने ।
- निजी क्षेत्र, स्थानीय तह र समुदायसँग सहकार्यहुने ।

१५. नेपाल ट्राभल मार्ट कोशी आयोजना

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेश स्तरीय ट्राभल्स मार्ट मार्फत कोशी प्रदेशका ट्राभल्स एजेन्सी टुर अपरेटर तथा पर्यटन व्यवसायको खरिद तथा विक्रेताहरुको मार्ट सञ्चालन गरी कोशी प्रदेशको पर्यटनको प्रचार-प्रसार गर्ने रहेको छ ।

कार्यान्वयन विधि

- कार्यक्रम सञ्चालन पर्यटन कार्यालय काकरभिट्टाको कार्यक्षेत्र भित्र पर्ने मेची कोरिडोरको कुनै एक जिल्लामा गरिने छ ।
- कार्यक्रमको कार्यसूचीस्वीकृत गरी पर्यटन कार्यालयमा सूचीकृत भएका पर्यटन व्यवसायसँग सम्बन्धी गतिविधि संचालन गर्ने फर्म/कम्पनी/ सार्वजानिक संस्था/गैह्रसरकारी संस्थासँग कार्यक्रम सञ्चालनको प्रस्ताव माग गरी कार्यक्रम सञ्चालन गरिने छ ।
- कार्यक्रमको TOR बनाउनका लागि विशेषज्ञ सेवा समेत लिन सकिने छ । उक्त विशेषज्ञताको पारिश्रमिक खर्च समेत यसै शिर्षकबाट लेखिने छ ।
- कार्यक्रम सञ्चालनका लागि पर्यटनजन्य गतिविधि गर्ने फर्म/कम्पनी/ सार्वजानिक संस्था/गैह्रसरकारी संस्थाहरुका पदाधिकारी वा विशेषज्ञलाई कार्यालयले कार्यक्रमको संयोजक र सचिव तोक्न सक्ने छ ।
- कार्यक्रम नेपाल, भारत वा आवश्यकता अनुसार विदेशका ट्राभल्स, टुर्स एजेन्सी होटल एवं पर्यटनजन्य गतिविधि गर्ने अन्य संस्थाहरुको समेत नियमानुसार सहभागितामा हुनेछ ।
- यस कार्यक्रमबाट सहभागीका लागि खाना, खाजा, हल भाडा, ब्यानर, स्टेशनरी, भ्रमण खर्च, यातायत खर्च, प्रशिक्षक खर्च व्यवस्थापन गर्न सकिनेछ ।
- कार्यक्रम समापन भए पश्चात सम्बन्धित पक्षले सक्कल बिल भर्पाइ, प्रतिवेदन, फोटो भिडयो सहित कागजात पेश भएपश्चात भुक्तानी गरिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. २०,००,०००/- (बिस लाख मात्र)

अपेक्षित उपलब्धि

- कोशी प्रदेश स्तरीय ट्राभल्स मार्ट संचालन भइ पर्यटन प्रवर्द्धन भएको हुने ।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

मा. सदानन्द मण्डल
मन्त्री

**१६. निजी क्षेत्रसंगको सहकार्यमा लगानी कर्ताहरुलाई कोशीको पर्यटकीय गन्तव्यहरुको अवलोकन भ्रमण**

यस कार्यक्रमको उद्देश्यनिजी क्षेत्रका सम्भावित तथा इच्छुक लगानीकर्तालाई कोशी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्य, पूर्वाधार अवस्था र लगानी सम्भावनाबारे प्रत्यक्ष अवलोकन गराई पर्यटन क्षेत्रमा निजी लगानी आकर्षित गर्नु रहेको छ।

कार्यान्वयन विधि

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम  सञ्चालन गरिनेछ।
- अवलोकन भ्रमण कार्यक्रम निजी क्षेत्र, उद्योग वाणिज्य संघ, पर्यटन सम्वद्द संघ-संस्था तथा स्थानीय तहसँगको सहकार्यमा सञ्चालन गरिनेछ।
- भ्रमण कार्यक्रमको कार्यतालिका, गन्तव्य तथा सामग्री निर्देशक समितिबाट स्वीकृत गरिनेछ।
- यस कार्यक्रमबाट सहभागीका लागि खाना, खाजा, हल भाडा, ब्यानर, स्टेशनरी, भ्रमण खर्च, यातायत खर्च, प्रशिक्षक खर्च व्यवस्थापन गर्न सकिनेछ ।
- कार्यक्रम सम्पन्न भएपछि अवलोकन निष्कर्ष र सुझाव संकलन गरी प्रतिवेदन तयार गरिनेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. १०,००,०००/- (दश लाख मात्र)

अपेक्षित उपलब्धि

- सरकार-निजी क्षेत्रबीच सहकार्य सुदृढ हुने।
- पर्यटकीय क्षेत्रको प्रचार प्रसार हुने ।

१७. अन्य भ्रमण कार्यक्रम

यस कार्यक्रमको उद्देश्य संचालित कार्यक्रमहरुको अनुगमन गर्नेरहेको छ ।

कार्यान्वयन विधि

- कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को सन्दर्भमा सञ्चालित विभिन्न कार्यक्रमहरुको अनुगमन तथा कार्यक्रम सञ्चालनको लागि पूर्वतयारी तथा समन्वयका लागि खटिने कोशी प्रदेश पर्यटन वर्ष, २०८२ निर्देशक समितिका सदस्य तथा कार्यालयका कर्मचारीहरुका लागि भ्रमण खर्च गर्न सकिनेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजितबजेटः रु. १०,००,०००/- (दश लाख मात्र)

अपेक्षित उपलब्धी

- पर्यटकीय प्रवर्द्धनका लागि संचालित कार्यक्रमहरुको अनुगमन भएको हुने।

१८. प्रचार सामाग्री तयारी र वितरण (पोस्टर, ब्यानर, ब्रोसर, डायरी, टिसर्ट, स्टीकर आदि)

यस कार्यक्रमको उद्देश्यपर्यटनवर्षसम्बन्धी तथा कोशी प्रदेशको प्रमुख पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसारका लागिब्रोसर, पुस्तिका उत्पादन तथा प्रकाशन गरी वितरण गर्नु रहेको छ ।

कार्यान्वयन विधि

- पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसारका लागि पोस्टर, ब्यानर, ब्रोसर, लिफलेट डायरी, टिसर्ट, स्टीकर आदि प्रकाशन गर्ने ।
- पर्यटन वर्ष सम्बन्धी नेपाली तथा अंग्रेजी भाषामा प्रचार प्रसार सामाग्री तयार गर्ने ।
- प्रचार सामाग्री प्रकाशन गर्ने,
- आवश्यक परेमा उक्त सामग्रीहरु तयार पार्न तथा विभिन्न भाषामा अनुवादका लागि विज्ञ सेवा लिन सकिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. १५,००,०००/- (पन्ध्र लाख मात्र)

अपेक्षित उपलब्धी

- पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार सामाग्रीहरु उत्पादन भइ वितरण भएको हुने ।

**१९. कोशी प्रदेशका सामुदायिक होमस्टे संचालकहरूलाई प्रवर्द्धनात्मक सामग्री वितरण**

यस कार्यक्रमको उद्देश्य सामुदायिक होमस्टेहरुमा आउने पाहुनाहरुको तथ्याङ्क व्यवस्थापनका लागि यो कार्यक्रम सञ्चालन गरीनेछ ।

कार्यान्वयन विधि

- यो कार्यक्रम सञ्चालनका लागि १५ दिने सार्वजानिक सूचना प्रकाशित गरीने छ।
- उक्त सूचना कार्यालयको वेबसाइट र सूचना पाटीमा प्रकाशन गर्नुपर्नेछ।
- सम्बन्धित कार्यालयको कार्यक्षेत्र भित्र नियमानुसार दर्ता/नवीकरण भई सञ्चालनमा रहेका सामुदायिक होमस्टेहरुले आवश्यकताका आधारमा माग सहितको निवेदन पेश गर्नुपर्नेछ।
- होमस्टेहरुले प्रस्ताव दर्ता गर्दा स्थानीय तहको सिफारिस अनिवार्य राख्नुपर्ने छ।
- रीतपुर्वक पेश हुन आएका निवेदनहरुको आवश्यकता र औचित्यताको समेत अध्ययन गरी कार्यालयले होमस्टेहरुको वस्तुगत सहायता प्रदान गर्नेछ।
- सामुदायिक होमस्टेहरुलाई प्रदान गरीने सामाग्रीहरु प्रचलित ऐन नियमअनुसार कार्यालयले खरिद गरी सम्बन्धित सामुदायिक होमस्टेहरुलाई नियमानुसार हस्तान्तरण गर्नेछ।
- यस कार्यक्रमको लागि सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्यको लागि अत्यावश्यक खर्च सम्बन्धित शीर्षकबाट गरीनेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. ५,००,०००/- (पाँच लाख मात्र)

अपेक्षित उपलब्धी

- सामुदायिक होमस्टेहरुमा पर्यटकीय सेवा सुधार हुने ।
- ग्रामीण पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने ।

कोशी प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय विराटनगर, नेपाल

मा. सदानन्द मण्डल
मन्त्री

२०. विभिन्न पदमार्गका पर्यटन कार्य सहयोगी (भरिया)हरूलाई लोगो अंकित ज्याकेट वितरण

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशका प्रमुख पदमार्गहरूमा कार्यरत सहयोगीहरूको पहिचान, सुरक्षा तथा व्यावसायिक दक्षता अभिवृद्धि गर्दै पदयात्रा पर्यटनको सेवा गुणस्तर सुधार गर्नु रहेको छ ।

कार्यान्वयन विधि

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- सम्बन्धित पदमार्ग क्षेत्रका संघ-संस्था, स्थानीय तह तथा पर्यटन सरोकारवालासँग समन्वय गरी पर्यटन कार्यसहयोगीहरूको सूची तयार गरिनेछ।
- ज्याकेटको डिजाइनमा "कोशीप्रदेशपर्यटनवर्ष२०८२"कोलोगोरनारास्पष्टरूपमासमावेशगरिनेछ।
- वितरण कार्यक्रम फोटो तथा भिडियो अभिलेखीकरणसहित सञ्चालन गरिनेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. ४,००,०००/- (चार लाख मात्र)

अपेक्षित उपलब्धि

- पर्यटन कार्य सहयोगीहरूको पहिचान र व्यावसायिक दक्षतामा सुधार आउने।
- कोशी प्रदेश पर्यटन वर्ष २०८२ को प्रचार हुने।

२१. मेची, कोशी र सगरमाथा करिडोरको पर्यटकिय गन्तव्यहरु समेटिएको डकुमेन्ट्रीहरु निर्माण

यस कार्यक्रमको उद्देश्यपर्यटकीय गन्तव्य समेटिएको भिडियो डकुमेन्ट्री निर्माण गर्ने रहेको छ ।

कार्यान्वयन विधि

- मेची, कोशी र सगरमाथा करिडोरका प्रमुख गन्तव्यहरूको भिडियो डकुमेन्ट्री निर्माण गर्नुपर्नेछ।
- यसरी बनेको भिडियो डकुमेन्ट्रीमा अंग्रेजी भाषामा सब-टाइटल सहित 4Kक्वालिटी, ड्रोन सटहरू र टाइम-ल्याप्स (Time-lapse) को प्रयोग भएको हुनुपर्नेछ।
- यस्ता भिडियो कुनै पनि सामाजिक सञ्जाल वा गुगलमा पोस्ट भएको हुनु हुदैन अर्थात् ती सामग्रीको प्रतिलिपि अधिकार यो कार्य गराउने निकायसँग हुनुपर्नेछ।
- यो कार्यक्रमको खर्च भुक्तानीका लागि कार्य सम्पन्न प्रतिवेदन सहित डकुमेन्ट्री समावेश भएको पेन ड्राइभ, बिल भर्पाइ समावेश गरी पेश गर्नु पर्नेछ।

बजेट तथा खर्च व्यवस्था

- मेची करिडोर रु. ४००,०००/- (चार लाख)
- कोशी करिडोर रु. ४००,०००/- (चार लाख)
- सगरमाथा करिडोर रु. ४००,०००/- (चार लाख)

अपेक्षित उपलब्धि

- मेची, कोशी र सगरमाथा करिडोरका प्रमुख पर्यटकीय गन्तव्यहरूको भिडियो डकुमेन्ट्री तयार भएको हुने ।

२२. कन्यामका घोडचडी संचालकहरुलाई सुरक्षा सामाग्री वितरण (हेलमेट, ज्याकेट)

यस कार्यक्रमको उद्देश्यकन्याम क्षेत्रका घोडचडी पर्यटनमा संलग्न सञ्चालकहरूको व्यक्तिगत सुरक्षा सुनिश्चित गर्नु, सेवाको व्यावसायिकता अभिवृद्धि गर्नु तथा पर्यटकहरूका लागि सुरक्षित र विश्वसनीय पर्यटन अनुभव प्रदान गर्नु रहेको छ. ।

कार्यान्वयन विधि

- लागत अनुमानस्वीकृत गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- सम्बन्धित स्थानीय तह, पर्यटन व्यवसायी संघ तथा घोडचडी सञ्चालक सुमूहसँग समन्वय गरी लाभग्राही सूची तयार गरिनेछ।
- हेलमेट तथा ज्याकेटको गुणस्तर, मापदण्ड र प्रयोग उपयुक्ततामा विशेष ध्यान दिइनेछ।
- वितरण कार्यक्रमको फोटो तथा भिडियो अभिलेखीकरण गरिनेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. ७,००,०००/- (सात लाख मात्र)

अपेक्षित उपलब्धि

- घोडचडी सञ्चालकहरूको व्यक्तिगत सुरक्षा सुनिश्चित हुने।
- दुर्घटनाको जोखिम न्यूनिकरण हुने।
- पर्यटकहरूमा सुरक्षित पर्यटनको अनुभूति बढ्ने।

२३. पर्यटन सम्बद्ध विभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्था तथा व्यक्तिसँग बैठक/अन्तरक्रिया

यस कार्यक्रमको उद्देश्य पर्यटन सम्बद्ध विभिन्न सरोकारवालाबीच समन्वय र सहकार्यका लागि बैठक तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने रहेको छ ।

कार्यान्वयन विधि

- पर्यटन सम्बद्ध सरकारी तथा गैरसरकारी संघ/संस्था तथा व्यक्तिसँग बैठक/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,
- लागत अनुमान तयारी तथा स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,
- यस कार्यक्रमबाट स्टेशनरी, खाजा/खाना, यातायात खर्च, व्यानर, प्रतिवेदन तयारी लगायतमा खर्च गर्न सकिने।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. ७,००,०००/- (सात लाख मात्र)

अपेक्षित उपलब्धि

- विभिन्न सरोकारवालाबीच समन्वय र सहकार्यका लागि बैठक तथा अन्तरक्रिया कार्यक्रम संचालन भएको हुने।

कोशी प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय विराटनगर, नेपाल

मा. सदानन्द मण्डल मन्त्री

डा. इन्द्र प्रसाद सापकोटा प्रदेश सचिव

## २४. सगरमाथा आधार शिविर क्षेत्रमा उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम

यस कार्यक्रमको उद्देश्यसगरमाथा आधार शिविर क्षेत्रको पर्यटन व्यवस्थापन, वातावरणीय संरक्षण, सेवा गुणस्तर, सुरक्षा तथा दिगो पर्यटन विकाससम्बन्धी विषयमा उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम संचालन गर्नु रहेको छ ।

कार्यान्वयन विधि

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- कार्यक्रमको एजेन्डा, सहभागी सूची तथा कार्यसूची मन्त्रालयबाट स्वीकृत गरिनेछ।
- कार्यक्रम सञ्चालनका लागि सम्बन्धित सगरमाथा राष्ट्रिय निकुञ्ज,स्थानीय तहतथा पर्यटन सरोकारवालासँग समन्वय गरिनेछ।
- अन्तरक्रिया कार्यक्रम सगरमाथा क्षेत्रमै वा आवश्यकताअनुसार नजिकको उपयुक्त स्थलमा आयोजना गरिनेछ।
- यस कार्यक्रमबाट हेलिकप्टर चार्टर, हवाई भाडा, यातायात खर्च, भ्रमण खर्च, भैपरी खर्च, सामुहिक जीवन विमा, सहभागीहरुका लागि खाना खाजा, स्टेशनरी, ब्यानर लगायत व्यवस्थापन गर्ने,
- कार्यक्रम समापन भएपश्चात बिल भर्पाइ तथा प्रगति प्रतिवेदन पेश भएपछि भुक्तानी गरिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. २०,००,०००/- (बिस लाख मात्र)

अपेक्षित उपलब्धि

- सगरमाथा आधार शिविर क्षेत्रको दिगो पर्यटन विकासका लागि साझा दृष्टिकोण निर्माण हुने।
- सरोकारवालाबीच समन्वय र सहकार्य सुदृढ हुने।

## २५. साहसिक पर्यटन प्रवर्द्धन (Adventure Tourism Promotion) मा सहकार्य सम्बन्धी कार्यक्रमहरू

यस कार्यक्रमको उद्देश्य सरकार र नीजी क्षेत्रबीच सहकार्य गर्दै कोशी प्रदेशमा साहसिक पर्यटनका साथै खेलकुद पर्यटनप्रवर्द्धन गर्ने रहेकोछ ।

कार्यान्वयन विधि

- सम्बन्धित संघ/सस्था/निकायबाट आवश्यकता र मागका आधारमा प्राप्त प्रस्तावलाई अध्ययन गरेर लागत साझेदारी गरी यो कार्यक्रम कार्यान्वयन गरिनेछ।
- यस कार्यक्रमबाट साहसिक पर्यटनका विविध क्षेत्रहरु जस्तै जल पर्यटन (न्याफ्टिङ, कायाकिङ, मोटरबोट आदी), हवाई पर्यटन (प्याराग्लाइडिङ), भू-पर्यटन (साइक्लिङ प्रतियोगिता, फूटबल प्रतियोगिता,माउन्टेन बाइक प्रतियोगिता, पदमार्ग, रनिङ आदी) लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।
- यो कार्यक्रम सञ्चालनका लागि सम्बन्धित संघ/सस्था/निकायको सहमती पत्र समेत आवश्यक पर्ने छ।
- यस कार्यक्रमबाट सहभागिहरुको लागि खाना, खाजा, स्टेशनरी, पुरस्कार, व्यानर, प्रचार प्रसार, मायाको चिनो, यातायात खर्च, मञ्च व्यवस्थापन, तयारी व्यवस्थापन लगायतमा खर्च गर्न सकिनेछ।
- भुक्तानीको लागि कार्यक्रम सम्पन्न प्रतिवेदन, सक्कल बिल भरपाई, फोटो, भिडियो लगायतका आवश्यक कागजात सहित निवेदन पेश गर्नुपर्नेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. २०,००,०००/- (बिस लाख मात्र)

अपेक्षित उपलब्धि

- सरकार र नीजी क्षेत्रबीच सहकार्यमा कोशी प्रदेशमा साहसिक पर्यटनको प्रवर्द्धन भएको हुने ।

२६. पदमार्ग/ट्रेल मा साइनेज विकास, प्रवर्द्धन र प्रचार प्रसार

यस कार्यक्रमको उद्देश्यकन्चनजंघा पदमार्ग क्षेत्र, करसोंङ पदमार्ग क्षेत्र (रोङ गाउँपालिका), मकालु क्षेत्र र सगरमाथा क्षेत्रमा रहेको पदमार्गमा सुरक्षित र सूचनामूलक बनाउन साइनेज स्थापना तथा प्रचार प्रसार गर्ने रहेको छ ।

कार्यान्वयन विधि

- यो कार्यक्रम कन्चनजंघा पदमार्ग क्षेत्र, करसोंङ पदमार्ग क्षेत्र (रोङ गाउँपालिका), मकालु क्षेत्र र सगरमाथा क्षेत्रमारहेका पदमार्गमा रहेका सम्बन्धित संघ संस्था/निकायसँग सम्झौता, समन्वय र सहकार्यमा गर्नु पर्नेछ।
- यस कार्यक्रमबाट पदमार्गमा दिशा सूचक साइनेजहरु (नेपाली र अंग्रेजी भाषा) दुवैमा आवश्यकता अनुसार निर्माण गर्न सकिनेछ।

विनियोजित बजेट

- कन्चनजंघा पदमार्ग क्षेत्रः७ लाख मात्र
- करसोंङ पदमार्ग क्षेत्र (रोङ गाउँपालिका): ३ लाख मात्र
- मकालु क्षेत्रः४ लाख मात्र
- सगरमाथा क्षेत्रः४ लाख मात्र

अपेक्षित उपलब्धि

- कन्चनजंघा पदमार्ग क्षेत्र, करसोंङ पदमार्ग क्षेत्र, मकालु क्षेत्र र सगरमाथा क्षेत्रमा रहेको पदमार्गमा साइनेज स्थापना तथा प्रचार प्रसार भएको हुने ।

२७. होमस्टे संचालक/पर्यटकीय गन्तब्य स्थल क्षेत्रका होम स्टे तथा अन्य पर्यटन व्यवसायिहरुको लागि पर्यटन सम्बन्धी तालिम/अभिमुखीकरण

यस कार्यक्रमको उद्देश्यग्रामीण पर्यटनको आधारका रुपमा रहेका होमस्टेहरुको दक्षता अभिवृद्धि गर्नुरहेको छ। यस्तो व्यवस्थित होमस्टे सञ्चालन, सेवाको गुणस्तर कायम राख्नेर दिगोपन सुनिश्चित गर्ने तथा होमस्टे सञ्चालकहरूमा आवश्यक ज्ञान, सीपर व्यावसायिक क्षमताको अभिवृद्दि गरीनेछ।

कार्यान्वयन विधि

- कोशी प्रदेशमा सञ्चालनमा रहेका निजी तथा सामुदायिक होमस्टेहरुको आवश्यकता पहिचान गरी यो कार्यक्रम सञ्चालन गरीनेछ।

- यस कार्यक्रमको लागि आवश्यकता अनुसार विषयवस्तुका जानकार/विषयविज्ञ स्रोत व्यक्तिहरुबाट सहजीकरण गरी कार्यक्रम सञ्चालन गरीनेछ।
- यस कार्यक्रमबाट सहभागिहरुको लागि स्टेशनरी, खाजा/खाना, यातायात खर्च, सहभागी भत्ता, व्यानर, प्रशिक्षक पारिश्रमिक, कार्यपत्र प्रस्तुती खर्च, प्रतिवेदन तयारी, कर्मचारी भ्रमण खर्च लगायतमा खर्च गर्न सकिनेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. ७,००,०००/- (सात लाख मात्र)

अपेक्षित उपलब्धी

- तालिम तथा अभिमुखिकरण मार्फत होमस्टे सञ्चालकहरूको ज्ञान र सीपमा उल्लेख्य वृद्धि भएको हुने।
- स्थानीय कला, संस्कृति, र परम्पराको संरक्षण र प्रवर्द्धन हुने।

**२८. कोशी प्रदेशमा संचालनमा रहेका होटल/ रेष्टुरेन्टर/होम स्टे अन्य पर्यटन व्यवसायको विवरण संकलन**

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशमा संचालनमा रहेका होटल/ रेष्टुरेन्टर/होम स्टे अन्य पर्यटन व्यवसायको विवरण संकलन गर्ने रहेको छ ।

कार्यान्वयन विधि

- लागत अनुमान र कार्यसूची स्वीकृत गर्ने,
- कोशी प्रदेशमा संचालनमा रहेका होटल/ रेष्टुरेन्टर/होम स्टे अन्य पर्यटन व्यवसाय सम्बद्द निजी संघसंस्थाहरुबाट प्रस्ताव माग गर्ने,
- प्रस्ताव मूल्याङकन गर्ने,
- छनौट भएको संस्था मार्फत विवरण संकलन गरी प्रतिवेदन तयार गर्ने ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. १०,००,०००/- (दश लाख मात्र)

अपेक्षित उपलब्धी

- कोशी प्रदेशमा पर्यटन व्यवसाय सम्वन्धी विवरण संकलन भएको हुने।

**२९. होम स्टे महासंघ कोशी प्रदेशको सहकार्यमा अन्तरप्रदेश भगिनी सम्बन्ध स्थापना**

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशमा सञ्चालन भएका सामुदायिक होमस्टेहरुको अन्तरप्रदेश सम्बन्धलाई बलियो वा सुदृढ बनाउनका निम्ति यो कार्यक्रम सञ्चालन गर्नु रहेको छ। ग्रामीण पर्यटनको आधारको रुपमा रहेको होमस्टे संस्कृतिलाई अन्तरप्रदेशमा विस्तार र विकास गर्दै कोशी प्रदेशको ग्रामीण क्षेत्रको प्रचार-प्रसारका निम्ति यो कार्यक्रमको अवधारणा ल्याइएको हो। विशेषतः ग्रामीण अर्थतन्त्रको आधारको रुपमा रहेको होमस्टे मार्फत महिला सशक्तिकरण र दिगो विकासको लक्ष्य हासिल गर्न यो कार्यक्रम सञ्चालन गरीने छ।

कार्यान्वयन विधि

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल
मा. सदानन्द मण्डल
मन्त्री
डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

- यो कार्यक्रम सञ्चालन पर्यटन कार्यालय, काकरभिट्टामा दर्ता,नविकरण भएका सामुदायिक होमस्टेहरुलाई सूचना गरिने छ।
- प्राप्त भएका प्रस्ताव मध्ये उत्कृष्ट प्रस्तावलाई छनोट गरी कार्यक्रम कार्यान्वयन गरिने छ।
- भगनी सम्बन्ध कायम गर्न अन्तरप्रदेश होमस्टेको विवरण समेत प्रस्तावसंग पेश गर्नुपर्नेछ ।
- सम्बन्धित स्थानीय तहको सहभागिता सुनिश्चिता भएपश्चात मात्र कार्यक्रम समपन्न गरिने छ।
- यस कार्यक्रमबाट खाना,खाजा, यातायात खर्च, कुर्सी टेन्ट, स्टेसनरी मसलन्द, उपहार सामाग्री खरिद गर्न सक्ने छ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. ५,००,०००/- (पाँच लाख मात्र)

अपेक्षित उपलब्धी

- कोशी प्रदेशका होमस्टेको अन्तरप्रदेश सम्बन्ध सुदृढीकरण भएको हुनेछ ।

### ३०. पर्यटन वर्षको प्रतिवेदन र बुकलेट प्रकाशन

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेश पर्यटन वर्ष २०८२ अन्तर्गत सञ्चालन भएका कार्यक्रम, उपलब्धि, प्रभाव र सिकाइहरू समेटी वार्षिक प्रगति प्रतिवेदन तथा बुकलेट प्रकाशन गरी पर्यटन वर्षको समग्र अभिलेख तयार गर्नु।

कार्यान्वयन विधि

- प्रचलित कानून बमोजिम सेवा प्रदायक छनौट गरिने छ पर्यटन कार्यालयहरुको सहकार्यमा तयाँक विवरण संकलन गरिने छ ।
- प्रतिवेदन तथा बुकलेटमा कार्यक्रम विवरण, फोटो, उपलब्धि, तथ्यांक तथा प्रभाव समावेश गरिनेछ।
- प्रकाशित सामग्री वितरण गरिनेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटःरु. १०,००,०००।-(दश लाख मात्र)

अपेक्षित उपलब्धि

- कोशी प्रदेश पर्यटन वर्ष २०८२ को समग्र अभिलेख तयार भइ सार्वजनिकीकरण हुने।
- कार्यक्रम उपलब्धि र प्रभावको स्पष्ट दस्तावेज उपलब्ध हुने।
- भावी पर्यटन नीति तथा कार्यक्रम निर्माणमा सन्दर्भ सामाग्री प्राप्त हुने।

### ३१. कोशी प्रदेशको पर्यटन प्रवर्द्धनका जिल्लागत विविध कार्यक्रम संचालन

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशका प्रत्येक जिल्लामा रहेका प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धनका लागि विविध कार्यक्रम संचालन गर्नु रहेको छ ।

कार्यान्वयन विधि

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गरिनेछ।

- मन्त्रालय अन्तर्गतका पर्यटन कार्यालय तथा डिभिजन वन कार्यालय हरुकोको समन्वयमा कार्यक्रम आयोजना गरिनेछ।
- कार्यक्रम सञ्चालनमा स्थानीय तहका प्रमुख/उपप्रमुख, पदाधिकारीहरु, पर्यटन व्यवसायी र सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ।
- यस कार्यक्रमबाट सहभागीका लागि खाना, खाजा, हल भाडा, ब्यानर, स्टेशनरी, भ्रमण खर्च, यातायत खर्च व्यवस्थापन गर्न सकिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः **रु. ३२,००,०००।-** (बत्तिस लाख मात्र)

अपेक्षित उपलब्धि

- जिल्लागत पर्यटन प्रवर्द्धनका कार्यक्रम संचालन हुने।
- स्थानीय तह र पर्यटन सरोकारवालाबीच सहकार्य सुदृढ हुने।
- स्थानीय समुदायमा पर्यटनको महत्त्वबारे सचेतना बढ्ने।

३२. अन्य समन्वयात्मक कार्यक्रम

यस कार्यक्रमको उद्देश्य कोशी प्रदेश पर्यटन वर्ष २०८२ को प्रभावकारी कार्यान्वयनका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा सरोकारवाला निकायबीच आवश्यक समन्वय, सहकार्य र साझेदारी सुदृढ गर्नु रहेको छ ।

कार्यान्वयन विधि

- लागत अनुमान स्वीकृत गरी आवश्यकता अनुसार समन्वयात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
- सम्बन्धित मन्त्रालय, स्थानीय तह, संघ-संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी कार्यक्रम आयोजना गरिनेछ।
- कार्यक्रमको एजेन्डा, सहभागी र कार्यसूची आवश्यकता अनुसार तय गरिनेछ।
- समन्वयात्मक कार्यक्रमहरूमा पर्यटन वर्ष २०८२ का उद्देश्य र प्राथमिकता स्पष्ट रूपमा समावेश गरिनेछ।
- यस कार्यक्रमबाट सहभागीका लागि खाना, खाजा, हल भाडा, ब्यानर, स्टेशनरी, भ्रमण खर्च, यातायत खर्च व्यवस्थापन गर्न सकिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः **रु. ५,००,०००।-** (पाँच लाख मात्र)

अपेक्षित उपलब्धि

- पर्यटन वर्ष २०८२ को कार्यान्वयनमा संस्थागत समन्वय सुदृढ हुने।
- सरकारी तथा गैरसरकारी निकायबीच सहकार्य र साझेदारी बढ्ने।
- कार्यक्रमहरूको प्रभावकारिता र दिगोपन सुनिश्चित हुने।
- कोशी प्रदेशको समग्र पर्यटन विकासमा योगदान पुग्ने।

मा. सदानन्द मण्डल
मन्त्री

**३३. झापा, मोरङ, सुनसरी हात्ती प्रभावित क्षेत्र "मानव-हात्ती सहअस्तित्व" आधारित वन्यजन्तु पर्यटन प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण कार्यक्रम**

यस कार्यक्रमको उद्देश्य झापा, मोरङ र सुनसरी जिल्लाका हात्ती प्रभावित क्षेत्रमा मानव-हात्ती द्वन्द्व न्यूनीकरण गर्दै सहअस्तित्वको अवधारणामा आधारित वन्यजन्तु तथा प्रकृति पर्यटन प्रवर्द्धनका लागि स्थानीय समुदाय र सरोकारवालाको क्षमता अभिवृद्धि गर्नु रहेको छ ।

कार्यान्वयन विधि

- लागत अनुमान स्वीकृत गरी आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गरिनेछ।
- कार्यक्रम सञ्चालनका लागि डिभिजन वन कार्यालय, संरक्षण निकाय, स्थानीय तह तथा सामुदायिक संस्थासँग समन्वय गरिनेछ।
- अभिमुखीकरण कार्यक्रम झापा, मोरङ र सुनसरी जिल्ला मध्ये हात्ती प्रभावित क्षेत्रमै आयोजना गरिनेछ।
- विषय विज्ञ तथा संरक्षण सम्बन्धी जानकार/विषयविज्ञ स्रोत व्यक्तिहरूबाट सहजीकरण गरिनेछ।
- यस कार्यक्रमबाट सहभागीका लागि खाना, खाजा, हल भाडा, ब्यानर, स्टेशनरी, भ्रमण खर्च, यातायत खर्च व्यवस्थापन गर्न सकिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः **रु. ९,००,०००।-** (नौ लाख मात्र)

अपेक्षित उपलब्धि

- मानव-हात्ती सह-अस्तित्व सम्बन्धी चेतना र क्षमता अभिवृद्धि हुने।
- वन्यजन्तु पर्यटन प्रवर्द्धनका लागि स्थानीय सहभागिता बढ्ने।
- मानव-हात्ती द्वन्द्व न्यूनीकरण र संरक्षणमैत्री पर्यटन विकासमा टेवा पुग्ने।

**३४. धार्मिक/साँस्कृतिक पर्यटन प्रवर्द्धन कार्यक्रममा प्रायोजन/सहयोग/सहकार्य**

यस कार्यक्रमको उद्देश्य कोशी प्रदेशभित्र रहेका धार्मिक तथा साँस्कृतिक सम्पदामा आधारित कार्यक्रमहरूमा प्रायोजन, सहयोग तथा सहकार्य गरी धार्मिक/साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्नु र पर्यटन वर्ष २०८२ लाई प्रभावकारी रूपमा प्रचार गर्नु रहेको छ ।

कार्यान्वयन विधि

- धार्मिक/साँस्कृतिक कार्यक्रम आयोजना गर्न चाहने समिति, संस्था वा स्थानीय तहले प्रस्ताव पेश गर्नुपर्नेछ।
- प्रस्तावको औचित्य, पर्यटनसँगको सम्बन्ध र सम्भाव्यता मूल्याङ्कन गरी प्रायोजन/सहयोगको निर्णय गरिनेछ।
- कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत प्रस्ताव र लागत अनुमान अनुसार सम्झौता गरिनेछ।
- सबै प्रचार सामग्रीमा "कोशी प्रदेश पर्यटन वर्ष २०८२" को लोगो र ब्रान्डिङ अनिवार्य हुनेछ।
- खर्च प्रचलित कानुन र सार्वजनिक खर्च मापदण्ड अनुसार गरिनेछ।

- यस कार्यक्रमबाट सहभागीका लागि टेन्ट, स्टल निर्माण, साउण्ड सिस्टम, हल भाडा, ब्यानर, स्टेशनरी, डकुमेन्ट्री निर्माण, कुर्सी व्यवस्थापन गर्न सकिनेछ ।
- कार्यक्रम आयोजकले सम्झौता अनुसारका सक्कल बिल भर्पाइ, प्रगति प्रतिवेदन पेश गरेपछि भुक्तानी गरिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. ३०,००,०००।- (तिस लाख मात्र)

अपेक्षित उपलब्धि

- धार्मिक तथा साँस्कृतिक पर्यटन प्रवर्द्धनमा वृद्धि हुने।
- कोशी प्रदेशका धार्मिक/साँस्कृतिक गन्तव्यहरूको पहिचान सुदृढ हुने।
- स्थानीय संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धन हुने।

३५. Vocational training & Certification (Cook,waiter,front desk,Digital marketing )

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेशका होटल,रेष्टुरेन्ट,होमस्टे तथा पर्यटन व्यवसायमा संलग्न जनशक्तिको सीप अभिवृद्धि गरी सेवा गुणस्तर सुधार गर्नु तथा रोजगारमुखी पर्यटन विकासलाई प्रवर्द्धन गर्नु रहेको छ ।

कार्यान्वयन विधि

- लागत अनुमान र कार्यसूचीस्वीकृत गरि कार्यक्रम सञ्चालन गरिनेछ।
- तालिम सञ्चालनका लागि प्राविधिक संस्था,तालिम प्रदायक वा विषय विज्ञसँग सहकार्य गरिनेछ।
- सहभागी छनोट पारदर्शी प्रक्रियाबाट गरिनेछ।
- तालिममा सहभागिलाई प्रमाणपत्र प्रदान गरिनेछ।
- यस कार्यक्रमबाट सहभागीका लागि खाना, खाजा, हल भाडा, ब्यानर, स्टेशनरी, भ्रमण खर्च, यातायत खर्च, प्रशिक्षक खर्च व्यवस्थापन गर्न सकिनेछ ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. १०,००,०००।- (दश लाख मात्र)

अपेक्षित उपलब्धि

- पर्यटन क्षेत्रमा दक्ष तथा प्रमाणित जनशक्ति उत्पादन हुने।
- सेवा गुणस्तर र पर्यटक सन्तुष्टि बढ्ने।
- युवामा रोजगार र आत्मनिर्भरता प्रवर्द्धन हुने।

३६. पर्यटन प्रवर्द्धनमा युवा स्वयमसेवक परिचालन

यस कार्यक्रमको उद्देश्यकोशी प्रदेश पर्यटन वर्ष २०८२ का कार्यक्रम तथा गन्तव्य प्रवर्द्धनमा युवाको सक्रिय सहभागिता सुनिश्चित गर्दै पर्यटन सचेतना,सूचना प्रवाह र सेवा सहजीकरणमा सहयोग पुऱ्याउनु रहेको छ ।

कार्यान्वयन विधि

- पर्यटन अध्ययन अध्यापन गराउने शैक्षिक संस्थाहरुको समन्वयमा स्यवंमसेवक छनौट गरिने छ ।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

मा. सदानन्द मण्डल
मन्त्री

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

- स्वयंसेवकलाई संक्षिप्त अभिमुखीकरण प्रदान गरिनेछ।
- स्वयमसेवक परिचालन गर्दा परिचय पत्र, जिम्मेवारी र आचारसंहिता प्रदान गरिनेछ।
- स्वयंसेवकहरूले मन्त्रालयको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ।

बजेट तथा खर्च व्यवस्था

- विनियोजित बजेटः रु. १०,००,०००।- (दश लाख मात्र)

अपेक्षित उपलब्धि

- पर्यटन प्रवर्द्धनमा युवाको सक्रिय सहभागिता बढ्ने।
- पर्यटन वर्षको प्रचार प्रसार हुने ।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

मा. सदानन्द मण्डल
मन्त्री

## खण्ड २- विविध

**प्रचलित कानून बमोजिम हुने**

यो मार्गदर्शनमा लेखिएका विषयमा यसै मार्गदर्शन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ । यस मार्गदर्शनमा लेखिएको कुनै विषय खरिद तथा आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून विपरित देखिएमा प्रचलित कानून बमोजिम हुने गरी खर्चको व्यवस्थापन गर्नु सम्बन्धित निकायको जिम्मेवारी हुनेछ।

**कार्यन्वयन अवधि**

यो मार्गदर्शन बमोजिमका सबै कार्यक्रमहरु अन्य निर्णय भएकोमा बाहेक आर्थिक वर्ष २०८२/८३ भर सञ्चालन हुनेछन्।

**जनशक्ति व्यवस्थापन**

कोशी प्रदेश पर्यटन वर्ष, २०८२ का लागि तय गरिएका स्वीकृत कृयाकलापहरुको कार्यान्वयन निर्देशक समिति पदाधिकारीहरु, सचिवालय र पर्यटन कार्यालयका कर्मचारीहरु एवम् स्थानीय तह, पर्यटन क्षेत्र सम्वद्ध संघसंस्था, निजीक्षेत्र समेतको सहकार्य, समन्वयमा हुनेछ ।

**मार्गदर्शनमा संशोधन**

यो मार्गदर्शन बमोजिम कुनै पनि कार्यक्रम सञ्चालन गर्दा बाधा व्यवधान भएमा वा कुनै व्यवस्था प्रचलित कानून विपरित हुने देखिएमा वा यो मार्गदर्शन बमोजिम कार्यक्रम सञ्चालन गर्न नसकिने देखिएमा पर्यटन, वन तथा वातावरण मन्त्रालयले जुनसुकै समयमा मार्गदर्शनमा गरिएको व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्न सक्नेछ ।

**ढाँचाको प्रयोग**

यो मार्गदर्शन बमोजिम सम्बन्धित निकायले कार्यक्रम सञ्चालन गर्दा तयार पार्नु पर्ने सम्झौता, सामाजिक परीक्षण प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातका लागि मन्त्रालयबाट जारी भएको योजना तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मा राखिएको ढाँचालाई प्रयोग गर्न सक्नेछ।